# पाँचपोखरी थाङपाल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानूनबनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१)बमोजिम पाँचपोखरी थाङपाल गाउँपालिकाको सभाले मिति २०७४/१२/०७ मा यो ऐन बनाएको छ ।

## १. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

(१) यो ऐनको नामपाँचपोखरी थाङपाल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन पाँचपोखरी थाङपाल गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

## २. परिभाषा :

(१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले पाँचपोखरी थाङपाल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले पाँचपोखरी थाङपाल गाउँकार्यपालिका सम्झनु पर्छ ।

(ग) “गाउँपालिका” भन्नाले पाँचपोखरी थाङपाल गाउँपालिका सम्झनु पर्छ ।

(घ) “सभा” भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको सम्झनु पर्छ ।

(च) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. नियम बनाउने अधिकार** :

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिका/नगरपालिकालाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त पाँचपोखरी थाङपाल गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानूनबमोजिम स्थानीयतहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः**

(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही पाँचपोखरी थाङपाल गाउँकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

आज्ञाले :

प्रमुख प्रशाकीय अधिकृत